नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गौर, रौतहट

Website: daorautahat.moha.gov.np
Email: daorautahat@gmail.com
फोन नं. ०५५-५२०३६९
फ्याक्स ०५५-५२००३३

पत्र संख्या : ०७७/०७८
चलानी नं. :

मिति :२०७८/०१/२२

## कोभिड-१९ संक्रमण न्यूनीकरण गर्न प्रमुख जिल्ला अधिकारीवाट जारी सूचनायुक्त आदेश।

विश्वभरी फैलिदैं गइरहेको नयाँ भेरियान्ट सहितको कोभिड-१९ महामारीको संक्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा CCMC समेतको निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मिति २०७८/०१/०६, २०७८/०१/०९, २०७८/०१/१३, २०७८/०१/१८ मा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को निर्णय भैसकेकोमा यसमा अझ थप प्रभावकारीता ल्याउन स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) तथा संक्रामक रोग ऐन, २०२० को दफा २ (२) मा भएको व्यवस्था अनुरुप रौतहट जिल्लामा अझ थप प्रभावकारीता बढाउन प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवबाट २०७८/०१/२२ मा जारी भएको सूचनायुक्त आदेश :

**सम्बन्धित सबैले पालना गर्नुपर्ने क्रियाकलाप :**

१. CCMC को २०७८/०१/१२ को बैठकको निर्णय अनुरुप-देशभरका विद्यालय तथा शिक्षालय भौतिक उपस्थित नभई-भर्चुअल र बैकल्पिक माध्यमवाट मात्र पठन पाठन जारी राख्ने। भौतिक उपस्थितिमा हुने पूर्व निर्धारित सबै प्रकारका परीक्षाहरु अर्को आदेश नभएसम्मको लागि स्थगित गर्ने।

२. सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने।

३. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत २०७८ साल बैशाख मसान्तसम्म नित्य पुजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।

४. एक पटकमा पच्चीस जना भन्दा बढी नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर संचालन गर्ने। जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने।

५. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु संचालन गर्दा पच्चीस जना भन्दा बढी नहुने र जनस्वास्थ्य मापदण्डको पालना हुने गरी मात्र संचालन गर्ने। विवाह वा ब्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई पच्चीस जनामा नबढ्ने गरी गर्ने।

२०७८/०१/२२
इन्द्रदेव यादव

६. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमवाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्ने पर्ने भएमा बढीमा च्वीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने।

तर सुरक्षा निकायको आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई संचालन गर्न सकिने।

७. सार्वजनिक यातायात संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने :

क. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

ग. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

घ. चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,

ङ. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,

च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,

छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

ज. लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात संचालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) लाई उपलब्ध गराउने।

८. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

९. होटेल तथा रेष्टुरेन्टले विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने -

क. होटेल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,

ख. होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

ग. कम्तीमा दुई मिटरको भौतिक दुरी कायम गर्नु पर्ने,

घ. सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,

ङ. होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नुपर्ने,

१०. राष्ट्रिय राजमार्गहरुमा संचालित होटेल तथा रेष्टुरेण्टहरुले बुँदा नं. ९ बमोजिमका जनस्वास्थ्य मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने र यसका लागि तत् तत् स्थानीय तहले समन्वय गर्ने।

११. सबै बैंक तथा वित्तिय संस्थामा सेवा तथा कार्यको लागि विद्युतीय भुक्तानी प्रणाली लागु गर्न प्रयत्न गर्ने। सेवा शुल्क र महसुल अग्रीम वा एकमुष्ट रुपमा बुझाउन चाहनेलाई सो बमोजिम गर्न सक्ने गरी व्यवस्था मिलाउने।

१२. नियमित रुपमा संचालन हुनुपर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित संचालन गर्ने।

१३. व्यावसायिक, पेशागत र सामुदायिक संघ संस्थाले यो आदेशको पालना गर्ने गराउने र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार वयवस्थापनमा सहयोग गर्ने।

२०७८/०१/२२

इन्द्रदेव यादव
प्रमुख जिल्ला अधिकारी